प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# बागमती प्रदेश कार्यालय

हेटौंडा, मकवानपुर

## डिप्लोमा ईन फार्मेसी, प्रमाणपत्र तह सामान्य चिकित्सा र प्रमाणपत्र तह नर्सिङ्ग बाहेकका स्वास्थ्य तर्फका कार्यक्रमको पुनः प्रवेश परीक्षाका उमेद्वारहरुको नतिजा प्रकाशन सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रथम पटक प्रकाशित: २०७९/०८/१४

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०७९/०७/२१ गते शैक्षिक सत्र २०७९/८० का लागि गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम डिप्लोमा ईन फार्मेसी, प्रमाणपत्र तह सामान्य चिकित्सा र प्रमाणपत्र तह नर्सिङ्ग बाहेकका स्वास्थ्य तर्फका कार्यक्रमको पुनः प्रवेश परीक्षाका लागि तोकिएको मिति र समय भित्र अनलाइन फाराम भरी मिति २०७९/०८/१० गते संचालित प्रवेश परीक्षामा सम्मिलित परिक्षार्थीहरुमध्येबाट "डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०७९" मा भएको व्यवस्था बमोजिम योग्यताक्रमानुसार नतिजा प्रकाशन गरिएको व्यहोरा जानकारी गराईन्छ। साथै निर्देशिकाको परिच्छेद ३, बुँदा नं ११ (ग) मा भएको व्यवस्था अनुसार उत्तीर्णाङ्क ३५ भन्दा कम अंक प्राप्त गरेका परीक्षार्थीहरु नतिजा सूचीमा समावेश नभएको व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।

छनौट भएका मुख्य उम्मेद्वारहरुले यसै सूचनालाई आधार मानी सम्बन्धित शिक्षण संस्थामा मिति २०७९/०८/२४ गते कार्यालय समय भित्र आफ्नो शैक्षिक योग्यताका सक्कलै कागजपत्र, नागरिकता/जन्मदर्ता प्रमाणपत्र, लक्षित बर्गमा छनौट भएको भए सो को प्रवेश पत्र र नतिजाको प्रतिलिपि सहित भर्ना भई सक्नु पर्नेछ। सम्बन्धित शिक्षण संस्थाहरुले समेत यसै सूचनालाई आधार मानी सिफारिस गरिएका विद्यार्थी भर्ना गर्नु गराउन हुन सूचित गरिन्छ ।

परिषद्को भर्ना सम्बन्धी निर्देशिका तथा सूचनामा उल्लेख भएका भर्ना प्रकृयाका कुराहरुमा फरक पारी विद्यार्थी भर्ना गर्ने गराउने कार्य भएमा सो को जिम्मेवार सम्बन्धित शिक्षण संस्थाको प्राचार्यको हुने र त्यसरी भर्ना भएका विद्यार्थीको रजिष्ट्रेसन समेत नहुने यसै सूचना मार्फत सूचित गरिन्छ ।

**निर्देशक**